नेपाली राजदूतावास
कुवेत
**Embassy of Nepal**
State of Kuwait.

سـفـارة نيـبـال
دولة الكويت

## प्रेस विज्ञप्ति

मिति २०८३ भाद्र १० गते बिहान रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको आकस्मिक बाढीबाट भोटेकोशी तथा त्रिशुली नदीका तटीय क्षेत्रमा पर्ने रसुवा, नुवाकोट धादिङ र गोरखा लगायतका जिल्लामा भएको जनधनको क्षतिप्रति यस राजदूतावास गहिरो दुःख व्यक्त गर्दछ। यस दुःखद् घटनामा ज्यान गुमाउनुहुने सम्पूर्णप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवङ्गत आत्माहरूको चिरशान्तिको कामना गर्दछ। शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना समेत गर्दछ। साथै, बाढी तथा डुबानका कारण हराइरहनुभएका सम्पूर्णको सकुशल उद्धारको कामना गर्दै प्रभावित परिवार तथा समुदायप्रति गहिरो सहानुभूति व्यक्त गर्दछ।

विपद्को यस कठिन घडीमा बाढी प्रभावित क्षेत्रका नागरिकहरूको उद्धार, राहत तथा पुनःस्थापना कार्यमा सामाजिक उत्तरदायित्व वहन गर्दै सहयोग, सहकार्य र ऐक्यबद्धताका साथ अघि बढ्नु आवश्यक रहेको छ। यस सन्दर्भमा कुवेतमा रहेका गैरआवासीय नेपाली संघ लगायत सम्पूर्ण क्रियाशील संघसंस्था तथा समग्र नेपाली समाजको भूमिका महत्त्वपूर्ण रहेको छ। सो सम्बन्धमा उद्धार तथा राहतको लागि एकद्वार प्रणाली अन्तर्गत सञ्चालन हुने नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा स्वेच्छिक रूपमा सक्दो सहयोग गरी योगदान गर्नुहुन सबैमा अनुरोध गरिन्छ। सम्बन्धित बैंक खाताहरूको विवरण यसैसाथ संलग्न गरिएको छ।

महाविपद्को यस घडीमा सिङ्गो मुलुक धैर्यता, सहकार्य र समन्वयका साथ एकताबद्ध भई अघि बढ्न आवश्यक रहेको हुँदा सबैमा आ-आफ्नो स्थानबाट सक्दो सहयोग तथा योगदान पुऱ्याउनुहुन यस राजदूतावास हार्दिक अपिल गर्दछ।

नेपाली राजदूतावास, कुवेत
२०८२ भाद्र ११ (तदनुसार २७ अगष्ट २०२६)

**PMO Nepal**

## प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष

| बैंकको नाम | बैंक खाता नम्बर |
|---|---|
| हिमालयन बैंक लिमिटेड ($ डलर खाता) | 01905631210046 |
| स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. | 01013243801<br>02013243801 |
| राष्ट्रिय वाणिज्य बैंक | 1130100003762001<br>1130100000006006 |
| एभरेस्ट बैंक लिमिटेड | 00100105200270<br>00101102200012 |
| नेपाल बैंक लिमिटेड | 00211600510039000003<br>00200100510039000001 |
| ग्लोबल आइएमई बैंक लि. | 00401010000057<br>00411010000005 |
| नबिल बैंक | 1710017505285 |
| कृषि विकास बैंक लि. | 0100201002907014 |

## प्रधानमन्त्री राहत कोष

| बैंकको नाम | बैंक खाता नम्बर |
|---|---|
| राष्ट्रिय वाणिज्य कोष | 1430100000025006<br>1430100001164001 |



## प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष

| सि.नं. | बैंकको नाम | बैंक खाता नम्बर | क्यूआर कोड (QR Code) |
|---|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक | ११३०१००००३७६२००१<br>११३०१००००००००६००६ | |
| २ | नेपाल बैंक लिमिटेड | ००२११६००५१००३९००००००३<br>००२००१००५१००३९००००००१ | |
| ३ | कृषि विकास बैङ्क लि. | ०१००२०१००२९०७०१४ | |
| ४ | एभरेष्ट बैंक लिमिटेड | ००१००१०५२००२७०<br>००१०११०२२०००१२ | |
| ५ | ग्लोबल आइएमई बैङ्क लि. | ००४०१०१००००००५७<br>००४११०१००००००००५ | |
| ६ | नबिल बैंक | १७१००१७५०५२८५ | |

| | | | |
|---|---|---|---|
| ७ | स्टाण्डर्ड चार्टड बैंक नेपाल लि. | ०१०१३२४३८०१<br>०२०१३२४३८०१ | |
| ८ | हिमालयन बैंक लिमिटेड ($ डलर खाता) | ०१९०५६३१२१००४६ | |

<u>प्रधानमन्त्री राहत कोष</u>

| सि.नं. | बेंकको नाम | बैंक खाता नम्बर | क्यूआर कोड (QR Code) |
|---|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक | १४३०१००००००२५००६<br>१४३०१००००११६४००१ | |